मिति :२०७८।०५।०९

## विषय : सिलबन्दी दरभाउ पत्रको सुचना संशोधन गरिएको बारे ।

उपरोक्त सम्बन्धमा गौमुल गाउपालिका/ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको आर्थिक सहयोगमा सन्चालन हुने सिंचाई तथा बहुउपयोगी योजनाहरुका लागि परियोजनाको खरिद निर्देशिका बमोजिम योजनाका बाह्य निर्माण सामाग्रीहरु पाइप तथा फिटिगं र औजारहरु खरिद गर्नका लागि मिति **२०७८ साल भाद्र महिनाको १० गते देखि २४ गते सम्म १५ दिने** सुचना वाजुरा मार्तडीमा रहेको **स्वामी कार्तिक राष्ट्रिय दैनिक पत्रिकामा र धनगढी कैलालीको पश्चिम टुडे राष्ट्रिय दैनिक पत्रिकामा** योजनाको सिलबन्दी दरभाउ पत्रको सुचना प्रकाशित गर्ने गरि गरिएको निर्णय अनुसार हाल विविध कारणले धनगढी स्थित पश्चिम टुडे राष्टिय दैनिक पत्रिका बन्द रहेको जानकारी हुन आएकाले **मिति २०७८/०५/०९ गते बसेको संयुक्त खरिद समितिको** बैठकको निर्णय अनुसार सो सुचना धनगढी कैलाली स्थित **सुदुर संदेश राष्टिय दैनिक पत्रिका धनगढी कैलालीवाट** प्रकाशन गरिने हुदा सवैको जानकारीका लागी यो सूचना संशोधन गरि प्रकाशन गरिएको जानकारीका लागी अनुरोध गरिन्छ।

## संयुक्त खरिद समिति

तपशिल :

| क्र.स | योजनाको नाम | ठेगाना | हस्ताक्षर | छाप |
|---|---|---|---|---|
| १ | खडिखेत आधुनिक सिचाई योजना निर्माण उपभोक्ता समिति | गौमुल गाउापालिका वडा नं. ४ खडिखेत | [signature] | |
| २ | भण्डारीबाडा सिचाई योजना निर्माण उपभोक्ता समिति | गौमुल गाउापालिका वडा नं. ६ भण्डारीबाडा | [signature] | |
| ३ | आला बहुउपयोगी योजना निर्माण उपभोक्ता समिति | गौमुल गाउापालिका वडा नं. ३ आला | [signature] | |

# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/०५/१०

गौमुल गाउपालिका/ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना तेस्रो चरण अर्न्तगत सञ्चालित तपसीलका तीन योजनाहरुको लागि गाउपालिका परियोजनाको खरिद निर्देशिका बमोजिम सिचाइ तथा बहुउपयोगी योजना निर्माणमा प्रयोग हुने बाह्रय निर्माण सामग्रीहरु खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, दरभाउमत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन बमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाईगर्न इच्छुक आन्तरिक राजश्व कार्यालयमा दर्ता भएका फर्म वा सप्लायरबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

शर्तहरु :

१. विभिन्न आवश्यक निर्माण सामग्रीहरु सप्लाई सम्बन्धी दरभाउपत्र फारम प्रति फाराम रु.३०००।०० (अक्षरेपी रु. तिन हजार मात्र) (पछि फिर्ता नहुने गरी गौमुल गाउपालिकाको कुमारी बैंक लि. शाखा कार्यालय घटमुना, बाजुरा शाखामा रहेको गौमुल गाउपालिकाको GAUMUL GAUPALIKA ANTARIK RAJASWO KHATA GA 1.1-1210059263900008 मा जम्मा गरी लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र र निवेदन साथ संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले पन्ध्रौ दिनको कार्यालय समय भित्र गौमुल गाउपालिकाको कार्यालय घटमुना, बाजुरा, ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना प्राविधिक सहयोग ईकाई मार्तडी, बाजुरा र ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, परियोजना सहयोग इकाई डडेल्धुरा र ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना प्राविधिक सहयोग ईकाई धनगढी, कैलालीबाट खरिद गर्न सकिने छ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले १६औं (सोहौं) दिनको दिउसो १२:०० बजे भित्र फाराम खरिद गरिएको कार्यालय वा सम्बन्धित गाउपालिकाको कार्यालयमा दर्ता गराउनु पर्नेछ। साथै दरभाउपत्र खरिद गरेको सक्कलै बैंक जम्मा भौचरसहित दरभाउपत्र फाराम सिलबन्दीगरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ।

३. सिलबन्दी दरभाउ पत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ। हुलाक वा कुरियर मार्फत पठाएको सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६औं (सोहौं) दिनको दिउसो १२.०० बजे भित्र प्राप्त भईसक्नु पर्नेछ।

४. सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिहरुले बुढीगंगा नगरपालिकाको वडा नं. १ बल्दे (अछाम साफेबगर देखि ४० किमि )बाजुराको रोडहेडमा रहेको उपभोक्ता समितिहरुको गोदाममा ढुवानी भै चेकजाच भएपछि मात्र गर्नेछन। तसर्थ दरभाउपत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन।

५. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु संकलन गरी मिति २०७८।०५।२८ गते गौमुल गाउपालिकाको कार्यालय ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना शाखा मा दिउसो १२:०० बजे उपभोक्ता समितिका खरिद समिति प्रतिनिधिहरु, साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन।

६. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ।

७. दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ। अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ।

८. एच.डि.पि.इ. पाइपको हकमा नेपाल गुणस्तर ४० को चौथो संसोधन अनुरुप उत्पादन भएको (पि.इ.१०० को कच्चा पदार्थ प्रयोग भएको) प्रमाणित ल्याबटेष्ट कागजात उपलब्ध गराउनु पर्नेछ।

९. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

१०. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ।

११. अन्य शर्तहरु गाउपालिका परियोजनाको खरिद कार्यविधि बमोजिम हुनेछ। थप शर्तहरु दरभाउपत्र साथै संलग्न गरिएको छ।

१२. यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना गौमुल गाउंपालिकाको सूचना पाटीमा टास गरिनेछ।

१३. अन्य थप जानकारी चाहिएमा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना गांउपालिका सहयोग ईकाइ कार्यालय र प्राविधिक सहयोग इकाइ मार्तडी बाजुरमा सम्पर्क गर्न सकिनेछ।

तपसील

| क.सं. | योजनाको नाम | ठेगना |
|---|---|---|
| १ | खडिखेत आधुनिक सिचाई योजना निर्माण उपभोक्ता समिति | गौमुल गाउपालिका वडा नं. ४ खडिखेत |
| २ | भण्डारीबाडा सिचाई योजना निर्माण उपभोक्ता समिति | गौमुल गाउपालिका वडा नं. ६ भण्डारीबाडा |
| ३ | आला बहुउपयोगी योजना निर्माण उपभोक्ता समिति | गौमुल गाउपालिका वडा नं. ३ आला |
| | जम्मा | |

संयुक्त खरिद समिति